नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

**मुद्दा-: सार्वजनिक शान्ति बिरुद्धको कसूर ।**

**मि.नं.-५९२ दायर मितिः-२०८१/०२/३०**

**फैसला मितिः-२०८१।०२।३१**

**वादी**

**प्र.स.नि.फुलदेव प्रसाद यादव समेतको**

**नेपाल सरकार..........................१**

**प्रतिवादी**

**देश भारत बिहार राज्य खैरावा ग्राम लखनउ घर भई हाल जिल्ला पर्सा बीरगंज महानगरपालिका वडा नं. १० रानीघाट बस्ने मुनिन्द्र पाण्डेको छोरा वर्ष २५ को पंकज कुमार पाण्डे.........१**

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको सांक्षेप्त तथ्य एवं ठहर यस प्रकार छः-

<u>तथ्य-खण्ड</u>

१. प्रतिवादीले गाली गलौज गर्दै हातपात समेत गरी डिउटीमा बाधा पुर्याएको भन्ने प्रहरी प्रतिवेदन ।
२. प्रतिवादीले प्रहरीले गाली गलौज गर्दै हातपात समेत गरी डिउटीमा बाधा पुर्याएको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. मैले गाली गलौज गर्दै हातपात समेत गरी डिउटीमा बाधा पुर्याएकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।
४. गाली गलौज गर्दै हातपात समेत गरी डिउटीमा बाधा पुर्याएकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका सुधिर पटेल समेतको घटनाविवरण कागज।
५. प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान ।

<u>ठहर-खण्ड</u>

यसमा मिति २०८१।०२।११ गते साझ अं. २०:३० बजेको समयमा जिल्ला पर्सा बीरगंज महनगरपालिका वडानं. १० रानीघाट स्थित प्रतिवादी पंकज कुमार पाण्डेले मादक पदार्थ सेवान गरी अनावश्यक रुपमा हो-हल्ला गरिरहेकोमा म समेतको प्रहरीले निज प्रतिवादीलाई सम्झाई बुझाई गर्दा निज प्रतिवादीले उल्टै हामी प्रहरी टोली माथी अपशब्द भाषाको प्रयोग गरी गाली, गलौज गरी हातपात समेत गरी डिउटीमा बाधा अबरोध गरेको भन्ने प्रहरी प्रतिवेदन तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(२) बमोजिम प्रतिवादी पंकज कुमार पाण्डेलाई कैद दिन २० र जरिवाना रु.१००००/- अक्षरेपी दस हजार मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

<u>तपसिल खण्ड</u>

१. माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ६६(२) बमोजीम प्रतिवादीपंकज कुमार पाण्डेलाई ठहरेको कैद दिन २० को हकमा निज मिति २०८१/०२/११ देखि २०८१।०२।३० सम्म हिरासत र थुनामा बसी कैद भुक्तान गरिसकेको र जरिवानाको हकमा रकम रु.१००००/- असुल उपर गर्नु, असुल उपर नभए मुलुकी फौजदारी कार्यविधी संहिता २०७४ को दफा १५५(३) बमोजिम ३४ दिन कैद भुक्तानको गराउन कारागार कार्यालय, पर्सालाई पत्र लेखु ----------------------------------------------------------------------१
२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु-
३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु--------------------------------------------------------------१
४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु--------------------१

**दिनेश सागर भुसाल**

**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ जेष्ठ महिना ३१ गते विहीवार रोज ५/ ने.सं. ११४४ तछलाथ्व ससमी, शुभम् ........